घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित

# घरपझोङ राजपत्र

खण्ड : ३ ) जोमसोम, जेष्ठ २३ गते, २०७९ साल (संख्या : १)

भाग २

घरपझोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम घरपझोङ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ

**मुस्ताङ इको म्यूजियम सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९**

मुस्ताङ इको म्यूजियम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुस्ताङ इको म्यूजियम सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९ रहेको छ।

(२) यो कार्यविधि घरपझोङ गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. **कार्यविधिको दफा ६ को उपदफा (१) को खण्ड ङ) को सट्टा देहायको खण्ड ङ) राखिएको छ ।**
म्यूजियम व्यवस्थापकको छनोटका लागि १५ दिनको सार्वजनिक सूचना आवहान गरिनेछ। तर पहिलो पटक प्रकाशित सूचना बमोजिम आवेदन/प्रस्ताव पेश हुन नआएमा त्यस पश्चात जति पटक सूचना प्रकाशन गर्नु परेको अवस्थामा पनि कम्तिमा ७ दिनको सूचना प्रकाशन गरिने छ।

३. **कार्यविधिको दफा ७को खण्ड ड) को सट्टा देहायको खण्ड ड) राखिएको छ ।**
व्यवस्थापकले म्यूजियम सञ्चालन वापत वार्षिक रकम रु. ५०,०००/- (पचास हजार) भाडा वापत बुझांउनु पर्ने छ र सो रकम ३/३ महिनामा किस्तावन्दीमा बुझाउनु पर्नेछ। प्रत्येक २/२ वर्षमा भाडामा १० प्रतिशत वृद्धि हुँदै जानेछ।

**आज्ञाले,**

नाम : गौरी प्रसाद आचार्य

**प्रमुख प्रशासकीय अधिकृत**

मिति :२०७९/०२/२३ गते